**मिति :२०७५/५/३ को नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. सोलार बत्ति वितरण सम्बन्धमा ।
२. नगर धार्मिक विकास समिति गठन सम्बन्धमा ।
३. स्वास्थ्य तर्फका कार्यालय सहयोगीको करार म्याद थप सम्बन्धमा ।
४. कृषि तथा पशु प्राविधिकको म्याद थप सम्बन्धमा ।
५. वडा नं ७ को टावर निर्माण सम्बन्धमा ।
६. बाटो मर्मत सम्बन्धमा ।
७. मापदण्ड सम्बन्धमा ।
८. कार्यविधि पारित सम्बन्धमा ।
९. शहरी स्वास्थ्य केन्द्र खोल्ने सम्बन्धमा ।
१०. दररेट स्वीकृत सम्बन्धमा ।
११. नगर स्तम्भ निर्माण सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा बैकल्पिक ऊर्जा प्रबर्धन केन्द्र सँग भएको सम्झौता अनुसार वितरण तथा जडान गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा १३ सदस्यीय नगर धार्मिक विकास समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा गत विगत देखि कामकाज गर्दै आएका तपशिलमा उल्लेखित करारमा कार्यरत कार्यालय सहयोगीको २०७५ साल पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यालय | नामथर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | मध्यनेपाल न.पा.स्वा.शा.लमजुङ | सुरेन्द्र राज पौडेल | का.स. | करार |
| २. | बाँग्रे स्वास्थ्य चौकी | बिनोद ढकाल | का.स. | करार |
| ३. | करापु स्वास्थ्य चौकी | गम बहादुर गुरुङ | का.स. | करार |
| ४. | नेटा स्वास्थ्य चौकी | सरिता अछामी | का.स. | करार |

| | | | | |
|---|---|---|---|---|
| ५. | रम्घा स्वास्थ्य चौकी | मेलिना कुमाल | का.स. | करार |
| ६. | समीभन्ज्याङ स्वास्थ्य चौकी | देवकला श्रेष्ठ | का.स. | करार |
| ७. | सुर्यपाल स्वास्थ्य चौकी | तिलक राज थापा (क्षेत्री) | का.स. | करार |

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा गत विगत देखि कामकाज गर्दै आएका तपशिलमा उल्लेखित करारमा कार्यरत कृषि तथा पशु प्राविधिक कर्मचारीहरुको २०७५ साल पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | कार्यालय | नामथर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि सेवा सम्पर्क केन्द्र सोतिपसल | वसन्ता पौडेल पोखेल | ना.प्र.स. | करार |
| २. | ४ नं वडा कार्यालय लमजुङ | दिपक बाबु रेग्मी | ना.प.स्वा.प्रा. / ना.प.से.प्रा. | करार |
| ३. | ७ नं वडा कार्यालय लमजुङ | अमृत बाबु अधिकारी | ना.प.स्वा.प्रा. / ना.प.से.प्रा. | करार |
| ४. | पशु सेवा केन्द्र भोर्लेटार | दिपेन्द्र पौडेल | ना.प.स्वा.प्रा. / ना.प.से.प्रा. | करार |

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा गत आ.व.मा टावर निर्माण कार्य सम्पन्न हुन नसकेको र भुक्तानी पनि नभएकोले उक्त टावर निर्माणको लागि ५ लाख मौज्दात रकमबाट व्यायभार हुनेगरी विनियोजन गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा वडा नं १, २, ३, ६, ९ र १० को बाटो मर्मत एवं फोहोरमैला व्यवस्थापनको लागि खाल्टो खन्ने प्रयोजनको लागि मौज्दात रकमबाट व्ययभार हुनेगरी ५ लाख विनियोजन गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा ईशानेश्वर मन्दिर संरक्षण एवं गरिमा र प्रतिष्ठा बचाउन मन्दिर परिसर देखि ८० मिटर सम्म घर टहरा बनाउन पूर्ण बन्देज लगाउने निर्णय गरियो

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाको युवा एवं महिला लक्षित कृषि तथा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा तपशिलमा उल्लेखित स्थानमा शहरी स्वास्थ्य केन्द्र खोल्ने निर्णय गरियो ।

- वडा नं ५ को पराजुलीबेसी
- वडा नं ८ को मजुवा
- वडा नं १० को हाँडीखोला

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा जिल्ला दररेट समिति लमजुङ बाट आ.व. २०७५/७६ का लागि निर्माण गरिएको जिल्ला दररेट लाई यस नगरपालिका क्षेत्र भित्र आ.व. २०७५/७६ का लागि स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा नयाँ संघिय संरचना अनुसार मध्यनेपाल नगरपालिकाको स्तम्भ निर्माण गर्न जिल्ला प्रशासन कार्यालयलाई रु १ लाख ५० हजार अनुदान दिने निर्णय गरियो ।